स्थायी लेखा नं.: ३०१२९६१९०
कार्यालय कोड नं.: ८०१०५१२८

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality

# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive

(Google Plus Code: C8RJ+C6 Neulapur) सैनवार, बर्दिया लुम्बिनी प्रदेश, नेपाल
Sainawar, Bardiya Lumbini Province, Nepal

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८१।१०।१० गते, ने. सं.: ११४५ प्वहेलागाः ९, विहीवार)

ठाकुरबाबा नगरपालिकामा देहायको सङ्ख्यामा देहायका योग्यता भएका कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | सङ्ख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ८-२०८१।०८२ | मेडिकल अधिकृत | आठौं | एक (१) | रु. १,२००।- | |
| २ | ९-२०८१।०८२ | स्टाफ नर्स | पाँचौं | एक (१) | रु. ८००।- | |
| ३ | १०-२०८१।०८२ | प्राविधिक सहायक | पाँचौं | एक (१) | रु. ८००।- | |
| ४ | ११-२०८१।०८२ | असिस्टेन्ट सब-इन्जिनियर | चौंथो | एक (१) | रु. ७००।- | |

- आवश्यक न्यूनतम योग्यता र अनुभवः

(क) मेडिकल अधिकृतः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता नवीकरण भएको।

(ख) स्टाफ नर्सः मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित काउन्सिलमा दर्ता तथा नवीकरण भएको।

(ग) प्राविधिक सहायकः सिभिल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा ओभर सियर वा डिप्लोमा तह उत्तीर्ण भएको, कम्तिमा आधारभूत कम्प्यूटर सीप सम्बन्धी तीन महिने तालिम लिएको, पूर्वाधारको निर्माण र मर्मत/स्तरोन्नतिका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्वन्धी सीप सहित कम्तिमा छ महिनाको अनुभव भएकोलाई ग्राह्यता दिइने।

(घ) असिस्टेन्ट सब-इन्जिनियरः मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्वन्धित विषयमा TSLC उत्तीर्ण।

नारायण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

- <u>दरखास्त दिने स्थानः</u> नगर कार्यपालिकाको कार्यालय, सैनवार बर्दिया।
- <u>दरखास्त दिने अन्तिम मितिः</u> वि. सं. २०८१ साल माघ २४ गते कार्यालय समयभित्र
- <u>छनौट परीक्षा हुने मिति र किसिमः</u> मिति २०८१।१०।२६ गतेका दिन हुने र समय र स्थान पछि तोकिने।

  (क) मेडिकल अधिकृतको हकमा सूचीकरण तथा अन्तरवार्ता।

  (ख) प्राविधिक सहायकको हकमा "स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८" को दफा ६ र ७ मा गरिएको व्यवस्था बमोजिम।

  (ग) स्टाफ नर्स र असिस्टेन्ट सब-इन्जिनियरको हकमा प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले तोकेको पाठ्यक्रममा आधारित लिखित परीक्षा र अन्तरवार्ता।
- <u>उमेरः</u> मेडिकल अधिकृत, स्टाफ नर्स र प्राविधिक सहायकको हकमा मिति २०८१।१०।२४ गतेसम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र असिस्टेन्ट सब-इन्जिनियरको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको)
- <u>आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः</u>

  (क) रीतपूर्वक भरिएको दरखास्त फारम

  (ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (यस नगरपालिमा स्थायी रुपमा बसोबास गरिरहेको तर अन्य पालिकाबाट नागरिकता जारी भएको भए बसाइसराइ दर्ता वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत)

  (ग) न्यूनतम योग्यता तथा अनुभव सम्बन्धी कागजातहरुको प्रतिलिपि

  (घ) सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

  (ङ). राजस्व तिरेको भौचर
- दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विवरण कार्यालय वा नगरपालिकाको वेवसाइट www.thakurbabamun.gov.np मा उपलब्ध हुनेछ।

२०८१।१०।१०

नारायण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थः</u> श्री सूचना प्रविधि शाखा। *(वेभसाइट र फेसबुक पेजमा अपलोड गरिदिनुहुन।)*